# संविधानसभा
## राष्ट्रिय हितको संरक्षण समिति

**समितिको अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा तयारीको लागि**
**समितिको कार्यक्षेत्रसंग सम्बन्धित विषयमा राय सुझाव सङ्कलन गर्ने**

## प्रश्नावली

देहायमा उल्लेखित खण्ड (क) देखि (छ) सम्म समितिको कार्यक्षेत्र भित्रका प्रश्नहरू वस्तुगत प्रश्नको उत्तर आफूले रोजेको कोठामा ☑ चिन्ह लगाउनुहोस् ।

**क) नेपालको राष्ट्रिय हितको पहिचान र परिभाषा :**

**१. राष्ट्रिय हित भन्नाले के बुझनु हुन्छ ?**

क) सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताको रक्षा गर्नु । ☐
ख) आर्थिक समुन्नति प्राप्त गर्नु । ☐
ग) राष्ट्रिय एकताको जगेर्ना गर्नु । ☐
घ) अन्तर्राष्ट्रिय जगतमा स्वतन्त्रता र स्वाभिमानताको पहिचान कायम राख्ने । ☐
ङ) माथिका सबै । ☐
च) अन्य केही भए :

**२. नेपालको राष्ट्रिय हितको मूख्य विषयवस्तुहरू के के हुनु पर्छ ?**

क) राष्ट्रिय सम्मानको अभिवृद्धि । ☐
ख) राष्ट्रिय सुरक्षा । ☐
ग) सामाजिक सामान्जस्यता । ☐
घ) राजनैतिक स्थिरता । ☐
ङ) विश्व शान्तिको मान्यता । ☐
च) गरिवी उन्मूलन । ☐
छ) विभेदरहित समाजको निर्माण । ☐
ज) माथिका सबै । ☐
झ) अन्य केही भए :

**ख) सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको संवैधानिक संरक्षणका उपायहरू :**

**१. नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकता कायम राख्न के कस्तो संवैधानिक व्यवस्था गर्न उपयुक्त होला ?**

क) नागरिकको अधिकार र कर्तव्य संविधान मै उल्लेख गर्ने । ☐

ख) सार्वभौमसत्ता, क्षेत्रीय/भौगोलिक अखण्डता र राष्ट्रिय एकताको प्रतिकूल हुने गरी सन्धि वा सम्झौता गर्न वा वैदेशिक सम्बन्ध कायम गर्न नपाइने व्यवस्था उल्लेख गर्ने । ☐

ग) विशेष परिस्थितिमा राष्ट्रमा संकटकाल लगाउन सक्ने तर त्यस्तो संकटकाल जनताका प्रतिनिधिद्वारा यथासमयमा अनुमोदन गराउने प्रावधान राख्ने । ☐

घ) लोपोन्मुख, सीमान्तकृत, अल्पसंख्यक, आदिवासी, मधेशी, मुस्लीम, जनजाती आदिलाई राष्ट्रिय सार्वभौमसत्ता र अखण्डताको प्रतिकूल नहुने गरी आफ्नो आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनैतिक विकास गर्न सक्ने गरी स्वायतत्ता प्रदान गर्ने । ☐

ङ) माथिका सबै । ☐

च) अन्य केही भए :

## ग) <u>राष्ट्रिय प्राकृतिक सम्पदाको संरक्षण</u> :

**१. राष्ट्रिय प्राकृतिक सम्पदाको संरक्षण गर्ने जिम्मेवारी कसको हुनुपर्छ ?**

क) केन्द्रीय सरकारको मात्रै हुनुपर्छ । ☐

ख) प्रान्तीय सरकारको मात्रै हुनुपर्छ । ☐

ग) स्थानीय सरकारको मात्रै हुनुपर्छ । ☐

घ) स्थानीय समुदायको मात्रै हुनुपर्छ । ☐

ङ) माथिका सबैको हुनुपर्छ । ☐

च) अन्य केही भए :

**२. प्राकृतिक सम्पदाको संरक्षण किन महत्वपूर्ण रहेको छ ?**

क) वर्तमान पुस्ताको लागि आवश्यक भएकोले । ☐

ख) भावी पुस्ताको लागि आवश्यक भएकोले । ☐

ग) पर्यावरण सन्तुलनका लागि । ☐

घ) माथिका सबै । ☐

ङ) अन्य केही भए उल्लेख गर्नुहोस् :

**३. तपाईंको क्षेत्रमा के कस्ता प्राकृतिक सम्पदाहरू (वनजङ्गल, खनिज पदार्थ, जमिन, जल, जडिवुटी, वन्यजन्तु आदि) रहेका छन् ? उल्लेख गर्नुहोस् ।**

क) जमिन, जंगल, जनावर र जडिवुटी । ☐
ख) खनिज पदार्थ । ☐
ग) जल । ☐
घ) माथिका सवै । ☐
ङ) अन्य केही भए :

**४. प्राकृतिक सम्पदाको संरक्षणमा तपाईंको क्षेत्रमा के कस्ता समस्याहरू रहेका छन् ? उल्लेख गर्नुहोस् ।**

क) राष्ट्रिय दृष्टि नपुगेको । ☐
ख) जनताको सचेतनामा कमी । ☐
ग) गरिवी । ☐
घ) माथिका सवै । ☐
ङ) अन्य केही भए :

**५. के कस्ता उपायहरू अवलम्वन गरिएमा प्राकृतिक सम्पदाको संरक्षण प्रभावकारी रुपमा हुन सक्ला ?**

क) स्थानीय समुदायको सहभागिता । ☐
ख) जनचेतनाको अभिवृद्धि । ☐
ग) राज्यले लगानी बढाउनु पर्ने । ☐
घ) माथिका सवै । ☐
ङ) अन्य केही भए :

**६. प्राकृतिक सम्पदाको संरक्षणमा स्थानीय समुदायको भूमिकालाई सुदृढ गर्न के गर्नु पर्ला ?**

क) स्थानीय समुदायको सहभागितामा समूहहरूको गठन । ☐
ख) लाभांशमा स्थानीय समुदायको हकको सुनिश्चितता । ☐
ग) स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्ने । ☐
घ) माथिका सवै । ☐

ङ) अन्य केही भए :

**७. राष्ट्रिय प्राकृतिक सम्पदाहरूको उपयोग कसरी गर्न सकिन्छ ?**

क) प्राकृतिक सम्पदा माथि स्थानीय जनताको प्राथमिक अधिकार हो भन्ने मान्यतालाई स्वीकार गर्ने । ☐

ख) प्राकृतिक सम्पदाहरूको उपयोग गर्दा भावी पुस्ताको स्रोत माथिको अधिकारलाई असर नपर्ने गरी उपयोग गर्ने । ☐

ग) पर्यावरण सन्तुलन विग्रन नदिने गरी उपयोग गर्ने । ☐

घ) "प्रदूषक जवाफदेही हुन्छ" भन्ने मान्यतालाई स्वीकार । ☐

ङ) माथिका सवै । ☐

च) अन्य केही छ भने ? :

घ) <u>अन्तर्राष्ट्रिय सन्धि सम्झौता</u> :

**१. नेपाल पक्ष हुने सन्धिहरूको कार्यान्वयन कुन प्रक्रियाबाट गर्दा उपयुक्त होला ?**

क) सन्धिमा हस्ताक्षर गरेपछि स्वतः कार्यान्वयन हुने । ☐

ख) व्यवस्थापिकाबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरेपछि स्वतः कार्यान्वयन हुने । ☐

ग) व्यवस्थापिकाबाट छुट्टै कानूनको तर्जुमा गरी कार्यान्वयन गर्ने । ☐

घ) अन्य केही भए :

**२. अन्तर्राष्ट्रिय सन्धि सम्झौता गर्ने अधिकार कोसंग रहनुपर्छ ?**

क) पूर्ण रुपमा केन्द्रीय सरकारमा रहनुपर्छ । ☐

ख) प्रान्तसंग सम्बन्धित विषयको सन्धि/सम्झौता रहेछ भने प्रान्तीय सरकारको राय सल्लाहमा केन्द्रीय सरकारले गर्नु पर्छ । ☐

ग) अन्य केही भए :

**३. कस्तो प्रकृतिका सन्धिहरू राज्य वा सरकारले गर्न नपाउने गरी वन्देज लगाउन पर्ला ?**

क) नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डतामा प्रतिकूल असर पर्ने सन्धिहरू । ☐

ख) राष्ट्रिय सुरक्षामा प्रतिकूल असर पर्ने सन्धिहरू । ☐

ग) माथिका दुवै । ☐

घ) अन्य केही भए :

**४. सन्धि सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्दा कस्तो प्रक्रिया अवलम्वन गर्नुपर्ला ?**

क) सम्पूर्ण सन्धिहरू व्यवस्थापिकाको सामान्य वहुमतबाट गर्ने । ☐

ख) महत्वपूर्ण सन्धिहरू व्यवस्थापिकाको दुई तिहाई वहुमतबाट गर्ने र सामान्य सन्धिहरू सामान्य वहुमतबाट गर्ने । ☐

ग) व्यवस्थापिकाकाले निर्धारण गरे बमोजिम हुने । ☐

घ) राष्ट्र प्रमुखबाट अनुमोदन गर्ने । ☐

ङ) अन्य केही भए :

ङ) <u>**अन्तर्राष्ट्रिय सम्बन्ध**</u> :

**१. नेपालले अवलम्बन गर्ने परराष्ट्र नीतिका आधारहरू के के हुन सक्लान् ?**

क) संयुक्त राष्ट्र संघको वडापत्र । ☐

ख) असंलग्नता । ☐

ग) पंचशिलको सिद्धान्त । ☐

घ) अन्तर्राष्ट्रिय कानून र विश्व शान्ति । ☐

ङ) राष्ट्रिय हितको प्रवर्द्धन । ☐

च) माथिका सवै । ☐

छ) अन्य केही भए :

**२. नेपालले छिमेकी मुलुकहरू (भारत र चीन) संग कस्तो सम्बन्ध राख्नु पर्ला ?**

क) विशेष सम्बन्ध । ☐

ख) समदुरीको सम्बन्ध । ☐

ग) सादृष्यताको सिद्धान्तमा आधारित सम्बन्ध । ☐
घ) माथिका सवै । ☐
ङ) अन्य केही भए :

च) <u>नेपालको अन्तर्राष्ट्रिय सिमाना व्यवस्थापन</u> :

**१. अन्तर्राष्ट्रिय सीमा व्यवस्थापनमा नेपालले चालेको कदम/प्रयास कस्तो रहेको छ ?**
क) प्रभावकारी रहेको छ । ☐
ख) सामान्य रहेको छ । ☐
ग) सरकारको उदासिनता रहेको छ । ☐
घ) सरकारी प्रयास अप्रयाप्त रहेको छ । ☐
ङ) अन्य कुनै भए :

**२. नेपाल भारत सीमा व्यवस्थापन कस्तो हुनु पर्छ ?**
क) खुला सीमा व्यवस्था । ☐
ख) नियमन सीमा (परिचयपत्र/पासपोर्ट चाहिने) व्यवस्था । ☐
ग) वन्द सीमा (आफ्नो देशबाट सीमावर्ती देशमा सीधै जान नसकिने) व्यवस्था । ☐
घ) अन्य कुनै भए :

**३. नेपाल चीन सिमाना व्यवस्थापन कस्तो हुनु पर्छ ?**
क) खुला सीमा व्यवस्था । ☐
ख) नियमन सीमा (परिचयपत्र/पासपोर्ट चाहिने) व्यवस्था । ☐
ग) वन्द सीमा (आफ्नो देशबाट सीमावर्ती देशमा सीधै जान नसकिने) व्यवस्था । ☐
घ) अन्य कुनै भए :

**४. नेपालको सीमा अतिक्रमण भएमा के गर्नु पर्छ ?**
क) सिमाना अतिक्रमण भएको तत्कालै सरकार वा सम्बन्धित निकायलाई जानकारी गराउनु पर्छ। ☐
ख) सीमा अतिक्रमणको समस्या समाधानको लागि सरकारलाई दवाव दिनुपर्छ । ☐
ग) जनता आफैले प्रतिवाद गर्नु पर्छ । ☐

घ) सरकारले सीमा अतिक्रमण सम्बन्धी समस्या समाधान गर्न सम्बन्धित मुलुकसंग तत्कालै पहल गर्नुपर्छ । ☐

ङ) अतिक्रमणको खबर हुनासाथ व्यवस्थापिका संसदलाई जानकारी गर्ने । ☐

च) माथिका सवै । ☐

५) अन्य कुनै भए :

ज) **<u>राष्ट्रिय सुरक्षा</u> :**

**१. राष्ट्रिय सुरक्षा भन्नाले के बुझ्नु हुन्छ ?**

क) वाह्य आक्रमणबाट राज्यको सुरक्षा । ☐

ख) जनताको सुरक्षा । ☐

ग) सिमाना सुरक्षा । ☐

घ) राज्यको सामाजिक, आर्थिक, साँस्कृतिक, राजनैतिक सुरक्षा । ☐

ङ) माथिका सवै । ☐

च) अन्य केही भए :

**२. राष्ट्रको सुरक्षा गर्ने जिम्मेवारी कसको हुनु पर्छ ?**

क) सरकारका सुरक्षा अंगहरू (राष्ट्रिय सुरक्षा परिषद्, रक्षा मन्त्रालय, गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग) को हुनु पर्छ । ☐

ख) नेपाली जनता स्वयंको हुनु पर्छ । ☐

ग) सरकारका सुरक्षा अंगहरू र नेपाली जनता दुवैको हुनु पर्छ । ☐

घ) अन्य केही भए :

**३. राष्ट्रिय सुरक्षा परिषद्को गठन कसरी गर्नु पर्ला ?**

क) हाल भैरहेको व्यवस्था ठीक छ । ☐

ख) स्वतन्त्र सुरक्षा विज्ञहरूको सल्लाहकार समिति रहने व्यवस्था गर्नुपर्छ । ☐

ग) नागरिक समाजको प्रतिनिधित्व हुनु पर्छ । ☐

घ) माथिका सवै । ☐

ङ) अन्य केही भए :

**४. राष्ट्रिय सुरक्षामा नागरिक सम्मिलित सुरक्षाको भूमिका कस्तो हुनु पर्ला ?**

क) उमेर पुगेका योग्य नागरिकले सैन्य तालिम लिने र राज्यलाई आवश्यक परेको बेलामा सैन्य सेवा प्रदान गर्ने । ☐

ख) व्यक्तिगत आत्मरक्षा गर्ने । ☐

ग) राष्ट्रिय सुरक्षा सम्बन्धी नागरिक शिक्षा प्रदान गर्ने । ☐

घ) माथिका कुनै पनि आवश्यक छैन । ☐

ङ) अन्य केही भए :

**५. संघीय संरचनामा राष्ट्रको आन्तरिक सुरक्षाका लागि प्रहरी संगठन कस्तो हुनु पर्छ ?**

क) प्रहरी संगठन केन्द्रीय सरकारबाट गठन र परिचालन गर्ने । ☐

ख) केन्द्र र प्रान्तमा छुट्टा छुट्टै प्रहरी संगठन निर्माण गर्ने । ☐

ग) एउटा मात्र प्रहरी संगठन केन्द्रमा रहने र प्रान्तमा खटिएका प्रहरीहरूको सम्बन्धित प्रान्तीय सरकारबाट नियन्त्रण र परिचालन गर्ने । ☐

घ) अन्य केही भए :

**६. नेपालको सीमा सुरक्षा सरकारको कुन सुरक्षा अंगले हेर्दा प्रभावकारी हुन सक्ला ?**

क) नेपाली सेना ☐

ख) सशस्त्र प्रहरी वल ☐

ग) नेपाल प्रहरी ☐

घ) अन्य केही भए :

**७. संघीय संरचनामा सशस्त्र प्रहरी बलको संरचना कस्तो हुनु पर्ला ?**

क) केन्द्रीय सरकारबाट गठन र परिचालन गर्ने । ☐

ख) केन्द्र र प्रान्तमा छुट्टा छुट्टै संगठन निर्माण गर्ने । ☐

ग) एउटा मात्र संगठन केन्द्रमा रहने र प्रान्तमा खटिएका सशस्त्र प्रहरीहरूको

सम्बन्धित प्रान्तीय सरकारबाट नियन्त्रण र परिचालन गर्ने । ☐

घ) अन्य केही भए :

**८. परिवर्तित सन्दर्भमा राष्ट्रिय अनुसन्धान विभागलाई कस्को मातहतमा राख्नु पर्ला ?**

क) प्रधानमन्त्रीको मातहतमा राख्ने । ☐

ख) हालकै जस्तो गृह मन्त्रालयको मातहतमा रहने । ☐

ग) राष्ट्रिय सुरक्षा परिषद्को मातहतमा राख्ने । ☐

घ) अन्य केही भए :

**९. राष्ट्रिय अनुसन्धान विभागको भूमिका कस्तो हुनु पर्ला ?**

क) हालकै भूमिका ठीक छ । ☐

ख) राष्ट्रिय सुरक्षाको आन्तरिक र बाह्य चुनौतिको विश्लेषण गरी सुझाव पेश गर्ने । ☐

ग) अपराध अनुसन्धान गर्ने । ☐

घ) राष्ट्रिय सुरक्षा नीति निर्माणमा सरकारलाई सहयोग पुऱ्याउने । ☐

ङ) अन्य केही भए :

**१०. राष्ट्रिय सुरक्षामा भू.पु. सैनिकहरूको भूमिका कस्तो हुनु पर्ला ?**

क) रक्षा सामाग्री उत्पादनको कार्यमा संलग्न गराउने । ☐

ख) आन्तरिक सुरक्षामा संलग्न गराउने । ☐

ग) प्राकृतिक सम्पदाको सुरक्षामा संलग्न गराउने । ☐

घ) राज्यलाई आवश्यक परेको बेलामा सैनिक सेवामा संलग्न गराउने । ☐

ङ) माथिका सबै । ☐

च) अन्य केही भए :

**छ) <u>नेपाली सेनाको कर्तव्य र सञ्चालन</u> :**

**१. नेपाली सेनाको नाम के राख्नु पर्ला ?**

क) हाल भइरहेको नाम “नेपाली सेना” ठीक छ । ☐
ख) नेपाली राष्ट्रिय सेना ☐
ग) नेपाल सेना ☐
ग) अन्य केही भए :

**२. परिवर्तित सन्दर्भमा नेपाली सेनाको भूमिका कस्तो रहनु पर्ला ?**

क) सीमा सुरक्षा गर्ने । ☐
ख) विकास निर्माणको कार्यमा संलग्न हुने । ☐
ग) अन्तर्राष्ट्रिय शान्ति कायम राख्न सहयोग पुऱ्याउने । ☐
घ) राष्ट्रिय सम्पदाको संरक्षण गर्ने । ☐
ङ) माथिका सबै । ☐
ङ) अन्य केही भए :

**३. परिवर्तित सन्दर्भमा नेपाली सेनाको संख्या कति हुनु पर्ला ?**

क) २०,००० देखि ३५,००० सम्म । ☐
ख) ३५,००० देखि ५०,००० सम्म । ☐
ग) ५०,००० देखि ६५,००० सम्म । ☐
घ) ६५,००० देखि ७०,००० सम्म । ☐
ङ) ८०,००० देखि ९५,००० सम्म । ☐
च) ९५,००० देखि १,२०,००० सम्म । ☐
छ) अन्य केही भए :

**४. नेपालको सुरक्षा नीति निर्माण गर्दा निम्न आधार मध्ये केलाई प्राथमिकता दिनु पर्ला ?**

क) सेना । ☐
ख) विदेश नीति । ☐
ग) जनताको सुरक्षा । ☐
घ) राष्ट्रिय हित । ☐
ङ) अन्य केही भए :

**५. सेनाको नियन्त्रणमा नागरिक सर्वोच्चता कसरी कायम गर्ने ?**

क) सेना परिचालन गर्दा सरकारले व्यवस्थापिकाबाट अनुमोदन गराउनु पर्ने । ☐
ख) सेना परिचालन गर्दा राष्ट्रिय सुरक्षा परिषद्को सिफारिशमा मन्त्री मण्डलले गर्ने । ☐
ग) सेनालाई सामान्य अवस्थामा सम्पूर्ण रुपमा रक्षा मन्त्रालयको नियन्त्रणमा राख्ने । ☐
घ) प्रधान सेनापतीलाई रक्षा मन्त्रीप्रति जवाफदेही बनाउने । ☐
ङ) माथिका सबै । ☐
ङ) अन्य केही भए :

**६. सेनाको समावेशीकरण कसरी गर्नु पर्ला ?**

क) जनसंख्याको अनुपातमा सेनामा सबै जाती, जनजातीहरूबाट योग्य नागरिकहरूको सामूहिक प्रवेश गराएर । ☐
ख) जनसंख्याको अनुपातका आधारमा सेनामा योग्य महिलाहरूको सामूहिक प्रवेश गराएर ☐
ग) लोपोन्मुख, सीमान्तकृत, अल्पसंख्यक, आदिवासी, मधेशी, मुस्लीम, जनजाती, पिछडिएको तथा बहिस्करणमा परेको वर्ग आदि कुरालाई आधार मानी केही वर्षको लागि आरक्षणको व्यवस्था गरेर योग्य नागरिकहरूको सेनामा समानुपातिक प्रवेश गराउने । ☐
घ) हाल भइरहेको व्यवस्था ठिक छ । ☐
ङ) अन्य केही भए :

<u>अन्तमा</u> :

**१. समितिको कार्यक्षेत्र भित्रका विषयहरूमा तपाईंको अन्य कुनै प्रतिक्रिया वा सुझाव भए दिनुहोस् ।**

**<u>उत्तर</u>** :

**<u>प्रश्नावली भर्नेको</u> :**

**१. नाम र थर** : ..............................

**२. ठेगाना** : **जिल्ला** .................... **न.पा./गा.वि.स.** .................... **वडा नं.**...........

**३. पेशा** : ..............................

४. सम्पर्क नम्बर : .........................................................................................................

५. दस्तखत :

संविधान निर्माण कार्यमा यहाँले प्रश्नावली भरी महत्वपूर्ण सुझाव उपलब्ध गराई आफ्नो संविधान आफै निर्माण गर्ने ऐतिहासिक कार्यमा सहभागी हुनु भएकोमा समितिको तर्फबाट यहाँलाई हार्दिक धन्यवाद ।